# समायोजन लाभ अनुदानको जानकारी

## पाउनको लागि निवेदन दिनु आवश्यक छ

## ▶ समायोजन लाभ अनुदानको बारेमा

**आर्थिक वर्ष 2024 मा कार्यान्वयन गरिने, आयकर तथा आयको आधारमा गणना गरिने व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर करबाट कट्टी हुने गरि प्रदान गरिने निश्चित कर छुट रकम, 2024 सालको अनुमानित आयकर रकम वा आर्थिक वर्ष 2024 को आयको आधारमा गणना गरिने व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर रकम भन्दा बढी हुने व्यक्तिहरूलाई भुक्तानी गरिने छ।**

## ▶ समायोजन लाभ अनुदानको भुक्तानी रकम

“2024 सालको आयकरमा, निश्चित रकमको कर छुट हुन नसकेको रकम” (तल “आयकरमा कटौती गर्न अपुग रकम” र “आर्थिक वर्ष 2024 को व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर करमा निश्चित रकमको कर छुट हुन नसकेको रकम” (तल व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर कटौती गर्न अपुग रकम) लाई जोडेर, 10000 येन हुने गरी राउन्ड नम्बर गरेको रकम।

### समायोजन लाभ अनुदान गणना गर्ने सूत्र

| | |
|---|---|
| ① आयकर | निश्चित कर छुट हुन सक्ने रकम 30000 येन × ( आफु + आश्रित परिवार सङ्ख्या ) − 2024 सालको अनुमानित आयकर रकम (कर छुट अघि) = ① आयकरमा कटौती गर्न अपुग रकम (①<0 भएमा 0) |
| ② आयको आधारमा गणना गरिने व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर | निश्चित कर छुट हुन सक्ने रकम 10000 येन × ( आफु + आश्रित परिवार सङ्ख्या ) − आर्थिक वर्ष 2024 को आयको आधारमा गणना गरिने व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर (कर छुट अघि) = ② व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर कटौती गर्न अपुग रकम (②<0 भएमा 0) |
| ③ समायोजन लाभ अनुदान | ① + ② = ③ समायोजन लाभ अनुदान भुक्तानी रकम (10000 येन हुने गरी राउन्ड नम्बर गरेको रकम) |

(नोट) “आश्रित परिवार सङ्ख्या” मा सगोलका पति वा पत्नी (आयकर), छुट पाउन योग्य पति वा पत्नी (व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर), 16 वर्ष मुनिका आश्रित परिवार पर्छन्।
समायोजन लाभ अनुदान रकम गणना सूत्र नगरपालिकाको वेव साइटमा पाउन सकिन्छ।

## ▶ समायोजन लाभ अनुदान भुक्तानीको प्रक्रिया

भुक्तानी लिन निवेदन दिनु आवश्यक छ।

**बुझाउने म्याद :2024 साल सेप्टेम्बर 30 तारिख ※पोष्टमार्क मान्य**

**अनलाइन निवेदन**

स्मार्ट फोनबाट निवेदन दिन सकिन्छ।
पुष्टीकरण पत्र या व्यक्तिगत पहिचान खुल्ने कागजातहरू बुझाउन नपर्ने भएकोले सहज छ।
※ अग्रिम रुपमा, सरकारी रकम प्राप्त गर्ने खाता तोक्नु आवश्यक छ।

**हुलाकबाट निवेदन दिने**

यसमा संग्लग्न “समायोजन लाभ अनुदान भुक्तानी पुष्टीकरण पत्र” मा व्यक्तिगत पहिचान खुल्ने कागजातहरू र रकम जम्मा हुने बैंक खाता थाहा हुने कागजातको फोटोकपी आदि टाँसेर पेश गर्नुहोस् ।
※ भर्ने तरिकाको बारेमा, यसै साथ पठाइएको “समायोजन लाभ अनुदान भुक्तानी पुष्टीकरण पत्र भर्ने तरिका” हेर्नुहोस्।

**वडा कार्यालय तथा नगरपालिकाहरूको काउन्टरमा पेश गर्न सकिंदैन ।**

पछाडिको पाना पनि हेर्नुहोस् ।

福岡市 調整給付 検索

○पेश गर्नु अघि निम्न कुराहरू रुजू गर्नुहोस् ।

- "2024 सालको अनुमानित आयकर रकम" महलको मान हाल प्राप्त गर्न सक्ने 2023 सालको आय आदिलाई आधार भनेर निकालिएको अनुमानित रकम लेखिएको छ । 2024 सालको आयकर रकम थाहा भएपछि लाभ अनुदान रकम अपुग भएको अवस्थामा, उक्त अपुग रकमलाई 2025 साल पछि थप अनुदान दिने योजना छ।
- संशोधित कर घोषणा पेश गरेको कारणबाट व्यक्तिगत नगरपालिका तथा प्रिफेक्चर कर परिवर्तन भई, लाभ अनुदान रकम अपुग भएको अवस्थामा, उक्त अपुग रकमलाई 2025 साल पछि थप अनुदान दिने योजना छ।
- लाभ अनुदान रकम नपाउने व्यक्तिमा परेको अवस्थामा, फिर्ता माग गर्न पनि सक्छ।

## ▶ समायोजना लाभ अनुदान भक्तानी गरिने अवधि

फुकुओका नगरले निवेदन प्राप्त गरे पश्चात् अनलाइन निवेदन भएमा 2 हप्ता जति, हुलाक मार्फत निवेदन भए 3 हप्ता जति समय लाग्ने अनुमान छ।
प्रगतिको अवस्था नगरपालिकाको वेव साइटमा हेर्न सकिन्छ ।

※ छानबिन, संलग्न कागजातहरूको चेकजाँच आदि कारणले अनुदान रकम बैंक ट्रान्सफर ढिला हुन पनि सक्छ ।

छानबिन अवस्था आदिको बारेमा, सोधपुछ गर्नको लागि आवश्यक पर्ने भएकोले पुष्टिको कागजातमा भएको सोधपुछ ID / पासवर्ड सुरक्षित राख्नुहोस् ।

| | |
|---|---|
| सोधपुछ ID ： | |
| पासवर्ड ： | |

**"बैंक ट्रान्सफर ठगी" र "व्यक्तिगत जानकारी ठगी"** गर्ने सँग सावधान रहनुहोस् ।

- यो प्रक्रियामा नगद जम्मा गर्ने एटिएम मेशिनको प्रयोग पटक्कै हुँदैन।
- लाभ अनुदानको सम्बन्धमा घरमा आई कुरा गर्ने जस्ता प्रक्रियाहरू विल्कुलै हुँदैन।

घरमा फुकुओका नगरपालिका कर्मचारी हो भन्दै शंकालु व्यक्तिको फोन आएमा अथवा घरमा आई भेट्न आएमा नजिकको प्रहरी कार्यालय अथवा प्रहरी परामर्श विशेष टेलिफोन (# 9110) मा सम्पर्क गर्नुहोस्।

## सम्पर्क　Inquiries　咨询电话　洽詢　문의처　Liên hệ

### फुकुओका नगर समायोजन लाभ अनुदान कल सेन्टर

Fukuoka City Tax Refund Call Center
福冈市调整给付（调整补偿）电话服务中心
福岡市調整給付電話服務中心
후쿠오카시 조정 급부 콜센터
Tổng đài liên hệ về hoàn thuế sau điều chỉnh TP. Fukuoka

**Tel.0120-835-250**
**Email.r6choseikyufukin@city-fukuoka-kyufu.com**

Support available in English, Chinese, Korean, Vietnamese and Nepali

कार्यालय समय
सोमवार देखि शुक्रबारसम्म बिहान 9 बजेदेखि बेलुका 6 बजेसम्म
(शनिवार / आइतवार / सार्वजनिक बिदामा बन्द हुने)

Lines open: weekdays 9:00 a.m. –6:00 p.m. (lines closed: weekends and public holidays)
受理时间 工作日9：00—18：00（周六周日法定节假日不受理）
受理時間 平日上午9點至下午6點（週六、週日及假日休息）
운영시간 평일 오전9시~오후6시(토・일・공휴일 휴무)
Thời gian tiếp nhận: Các ngày trong tuần từ 9:00 ~ 18:00 (nghỉ vào thứ Bảy, Chủ Nhật, ngày nghỉ lễ)

The information on this leaflet is available in multiple languages on the Fukuoka City official website.
本宣传单的相关内容以多语言刊登在官网。
본 안내지 내용에 관한 정보는 홈페이지에 다언어로 게재합니다.
Thông tin liên quan đến nội dung của tờ rơi này được đăng tải trên trang chủ bằng nhiều thứ tiếng.
यो सूचनाको विवरण सम्बन्धी जानकारीलाई होमपेजमा बहुभाषामा राखिएको छ।

प्राय सोधिने प्रश्नहरू तथा गणना गर्ने सूत्र, प्रगतिको स्थिति नगरपालिकाको वेव साइटमा हेर्नुहोस् ।